bhanjyangnews.com
वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित
# भञ्ज्याङ
राष्ट्रिय दैनिक
BHANJYANG NATIONAL DAILY

यो ठाउँ नियमित विज्ञापनका लागि खाली छ ।
सम्पर्क : ०६५-५६३९०७
Email : bhanjyangdml@gmail.com

वर्ष ४१ अंक २६४ | २०७९ फागुन ०५ गते शुक्रबार, नेपाल सम्वत् ११४३ February 17, 2023 | पृष्ठ ४ | मूल्य : रू. ५/-



**चेपाङको घर न ढोका न झ्याल :** तनहुँको व्यास नगरपालिका-११ तनहुँसुर स्थित राम्चेमा बसोवास गरेका चेपाङ समुदायको घर । दाउराको झिंगटाले बारबेर गरी खरले छाइएको घरमा ढोका, झ्याल पनि छैनन् । चरम गरिवीबाट गुज्रिएका यहाँका चेपाङ समुदायको जीवनस्तर उकास्नका लागि सरोकारवाला निकायले खासै ध्यान पुऱ्याउन सकेका छैनन् । *तस्विर : नारायण खड्का/भञ्ज्याङ*

# यसपटक विद्यार्थीले समयमै पाउलान् पाठ्यपुस्तक ?

**रमेश लम्साल/काठमाडौं**

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को निर्देशनपछि जनक शिक्षा सामग्री केन्द्रले यस पटक समयमै विद्यार्थीलाई पाठ्यपुस्तक उपलब्ध गराउने लक्ष्यका साथ छपाइ कार्यलाई तीव्रता दिएको छ। आगामी चैत १५ गतेभित्र सबै पाठ्यपुस्तक छपाइ गरेर सम्बन्धित क्षेत्रमा पुऱ्याउने लक्ष्यका साथ दैनिक दुई सिफ्टमा पुस्तक छपाइ भइरहेको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको उच्चस्तरीय टोलीले आज जनक शिक्षा समग्री केन्द्रको स्थलगत अनुगमन गरी पाठ्यपुस्तक छपाइको अवस्थाका बारेमा जानकारी लिएको हो ।



केन्द्रले कक्षा ६ देखि १० सम्मको कूल एक करोड ५० लाख पाठ्यपुस्तक छाप्नुपर्नेछ । त्यसमध्ये हालसम्म ७९ लाख थान पुस्तक छपाइ भइसकेको छ । बाँकी रहेको पुस्तक आगामी चैत १५ भित्रै छापिइसकिने छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको उच्चस्तरीय टोली, शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालयका सचिव र सञ्चारकर्मीलगायतको टोलीले केन्द्रको छपाइको अवस्था, पाठ्यपुस्तकको गुणस्तरलगायतका विषयमा सूक्ष्म अध्ययन गरेको थियो।

केन्द्रका प्रबन्ध निर्देशक अनिलकुमार झाले यस पटक विद्यार्थीले पाठ्यपुस्तक पाएनन् भन्ने गुनासो सुन्नु नपर्ने गरी काम भइरहेको जानकारी दिनुभयो । उहाँले दैनिक दुई सिफ्टमा काम भइरहेको र आवश्यक कामदारदेखि सबै प्रक्रिया मिलाइएको बताउनुभयो ।

'हरेक वर्ष विद्यार्थीले पुस्तक पाएनन् भनेर चौतर्फी गुनासो आउने गरेको थियो । यस पटक त्यो गुनासो नआउने गरी काम गरिरहेका छौँ । एक महिनाका लागि पुग्ने कागज मौज्दात छ । थप कागज आउने क्रममा छ । हामी युद्धस्तरमा काममा लागिपरेका छौँ', उहाँले भन्नुभयो, 'प्रधानमन्त्रीको निर्देशनलाई अक्षरशः कार्यान्वयन गर्ने गरी काम भइरहेको छ ।'

कक्षा एकदेखि ५ सम्मको पाठ्यपुस्तक छपाइका लागि निजी क्षेत्रलाई जिम्मा दिइएको छ। त्यसका लागि १३ वटा प्रेस तथा छापाखानाको छनोट गरिएको छ। निजी क्षेत्रका छापाखानाले पनि यही फागुनको दोस्रो सातादेखि पुस्तक छाप्ने काम शुरू गर्नेछन् । निजी क्षेत्रलाई पुस्तक छपाइको जिम्मा दिइएको भन्दै यसबीचमा आलोचना पनि भएको थियो ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको उच्चस्तरीय टोलीले हरेक दिन छापिएको पुस्तकको विवरण, वितरण केन्द्रमा पठाइएको विवरण तथा छाप्न बाँकी सबै विवरण हरेक दिन उपलब्ध गराउन केन्द्रका प्रबन्ध निर्देशक झालाई निर्देशन दिएको छ । एक जना विद्यार्थीले पनि आगामी शैक्षिक शत्रको सुरूआतमा पुस्तक पाइएन भनेर गुनासो गरेको खण्डमा केन्द्रका सम्बद्ध अधिकारीमाथि कारवाही हुने चेतावनीसमेत प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका अधिकारीले दिएका छन् । प्रधानमन्त्री दाहालले यसपटक पाठ्यपुस्तकको समस्या समयमै समाधान गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ । प्रधानमन्त्रीमा नियुक्त भएलगत्तै उहाँले सरकारका सबै सचिवलाई एकमुष्ठरूपमा जनताको दैनिक जीवसँग जोडिएका समस्या समाधान गर्न निर्देशन दिनुभएको थियो ।

केन्द्रले हरेक दिन एक लाख ६० हजार पुस्तक बाइन्डिङ गर्ने गरेको छ । त्यसलाई बढाएर दुई लाख बढी पुऱ्याउने लक्ष्य राखिएको छ । अन्य कक्षाका पुस्तक छापिने क्रममा रहे पनि कक्षा ८ को भने यस पटक पाठ्यपुस्तक परिवर्तन भएका कारण छपाइमा समस्या हुने हो कि भन्ने आशंका देखिएको छ । त्यस सम्बन्धमा पनि उच्चस्तरीय टोलीले चासो राखेको थियो ।

केन्द्रका प्रबन्ध निर्देशक झाले कुनै पनि गुनासो नआउने गरी छपाइ सम्पन्न गरी पुस्तक उपलब्ध गराउने प्रतिबद्धता जनाउनुभयो । शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालयका सचिव रामकृष्ण सुवेदीले प्रधानमन्त्रीले नै मन्त्रालयसमेत सम्हाल्नुभएकाले उहाँको बढ्ता चासो रहेकाले कुनै पनि बहानामा पुस्तक छपाइमा तलमाथि गर्न नपाइने स्पष्ट निर्देशन दिनुभयो । उहाँले भन्नुभयो, 'यसपटक कुनै पनि बहानाबाजी गर्न पाइने छैन। पुस्तक जस्तो सामान्य विषयमा पनि सधैँ समस्या देखिनु हुँदैन । कुनै पनि बहाना गरेर छुट पाइँदैन । छुट दिइँदैन ।'

हरेक वर्ष पुस्तकको विषय राष्ट्रिय महत्त्वको बन्ने गरेको छ । संसदीय समिति, अख्तियार दुरूपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्रलगायतले चासो राख्दै पुस्तक छपाइ र वितरणमा समस्या देखिएको बताउने गरेका थिए । यसपटक कुनै पनि निकायले प्रश्न उठाउन नसक्ने गरी काम भइरहेको केन्द्रले जनाएको छ । यद्यपि प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले भने पुस्तकको गुणस्तरमा समस्या रहेको, छपाइमा पनि समस्या देखिएकाले ती समस्या समाधान गर्न केन्द्रको ध्यानाकर्षण गराएको छ । सचिव सुवेदीले भन्नुभयो, 'प्रधानमन्त्री दाहालको यस विषयमा असाध्यै ठूलो चासो छ । हरेक दिनको विवरण उपलब्ध गराउनुहोला ।' रासस

# सेनेटरी प्याड बनाउने तालिम

**भञ्ज्याङ समाचारदाता/दमौली**

तनहुँको व्यास नगरपालिका-१४ केशवटारमा महिलाहरूलाई सेनेटरी प्याड बनाउने तालिम सञ्चालन गरिएको छ । साना किसान सामुदायिक सिकाई केन्द्रले स्थानीय महिलाहरूलाई तीन दिने सेनेटरी प्याड बनाउने तालिम सञ्चालन गरेको हो ।

सिकाई केन्द्रकी अध्यक्ष सरास्वती थापाको अध्यक्षता



आयोजित तालिमको शुभारम्भ गर्दै वडा अध्यक्ष काजीमान श्रेष्ठले वातावरणीय अनुकुल सेनेटरी प्याड बनाउने तालिमले महिलाहरूलाई सहज हुने विश्वास व्यक्त गरे ।

महिलाहरूका लागि अत्यावश्यक मानिएको सेनेटरी प्याडमा धेरै रकम खर्च हुने गरेको तर यसको उपयोगमा ध्यान नदिंदा स्वास्थ्यमा जटिल समस्या भोग्नुपरेको अवस्थालाई ख्याल गर्दै तालिम सञ्चालन गरिएको केन्द्रकी अध्यक्ष थापाले बताइन् ।

स्वास्थ्य अनुकुल सेनेटरी प्याड हामी आफैले बनाउन सकिन्छ र त्यो पनि ४ वर्षसम्म नियमित सफा गरी पुनः प्रयोग गर्न मिल्ने हुँदा यसले महिलाहरूको स्वास्थ्यसंगै आर्थिक पाटोलाई पनि बलियो बनाउन टेवा पुग्ने अध्यक्ष थापाले विश्वास व्यक्त गरिन् ।

'महिलाको संवेदनशील अंगसंग जोडिएको विषयमा सबै गम्भिर बन्नुपर्छ', अध्यक्ष थापाले भनिन्, 'यो तालिमले केशवटारका महिलालाई सकारात्मक प्रभाव पार्ने छ । सिक्ने र सिकाउने तालिमले हाम्रो स्वास्थ्यसँगै आय आर्जनलाई पनि जोड्ने मद्दत पुग्ने छ ।'

कार्यक्रममा व्यास-१४ का वडासदस्य दुर्गा वहादुर आलेले सेनेटरी प्याडका तालिम टोल स्तरसम्म विस्तार गर्नुपर्ने बताए । यो जीवन उपयोगी सिकाई र बुझाई वडा नं. १४ को घरघरमा पुऱ्याउने र स्वास्थ्यसँग सम्वन्धित जनचेतना समेत जगाईने आलेले बताए । तालिममा स्थानीय १५ जना महिलाहरूको सहभागिता रहेको छ ।

# शिवरात्रीमा भजन प्रतियोगिता

**भञ्ज्याङ समाचारदाता/दुलेगौंडा**

मुक्तिनाथ शुक्लागण्डकी च्यवनधाम गाछेपानीमा शिवरात्रीका अवसरमा भजन प्रतियोगिता गरिने भएको छ । हिन्दू धर्मावलम्बीको महत्वपूर्ण मानिने भजन लोप हुने अवस्थामा पुगेकाले च्यवनधामले भजन प्रतियोगिता गर्ने भएको हो। भजन लोप हुन लागेकाले संरक्षण



गर्न भजन प्रतियोगिता गर्न लागिएको मन्दिर व्यवस्थापन समितिका अध्यक्ष अर्जुन लम्सालले बताए । उनले भने, 'फागुन कृष्ण चतुर्दशीका दिन मनाइने महाशिवरात्रि पर्वका अवसरमा धार्मिकस्थल मुक्तिनाथ शुक्लागण्डकी च्यवनधाम गाछेपानीमा भजन प्रतियोगिता आयोजना गरिएको छ ।'

प्रतियोगितामा प्रथमलाई ५१ हजार रूपैयाँ, द्वितीयलाई ३६ हजार रूपैयाँ, तृतीयलाई २१ हजार रूपैयाँ र सान्त्वनालाई पाँच हजार एक सय रूपैयाँ तथा प्रमाणपत्र प्रदान गरिने लम्सालले बताए ।

महाशिवरात्रि पर्वका अवसरमा सामूहिक व्रतबन्ध, अखण्ड दीप प्रज्वलन, शिवध्वनि पुजन र विविध धार्मिक अनुष्ठान कार्यक्रमसमेत गरिने आयोजकले जनाएको छ । साथै सोही दिन वरिष्ठ लोकदोहोरी तथा भजन गायक पुरूषोत्तम न्यौपाने र लोकदोहोरी गायिका शान्ति डोटेलको सांगीतिक प्रस्तुति रहनेछ। धार्मिकस्थलका रूपमा विकास भएको च्यवनधाम परिसरमा एक सय आठ धारा, एक सय आठ शिवलिङ्ग, एक सय आठ वरपीपल, च्यवन गुम्बा, मोक्ष कुण्ड, वासुकी नाग स्थान लगायतका संरचना रहेका छन् । शिवरात्रि, साउने सोमबार, हरितालिका तीज, श्रीकृष्ण जन्माष्टमी लगायतका पर्वमा यहाँ भक्तजनको आवागमन हुने गर्दछ । यहाँ मुक्तिनाथको शैलीमा मन्दिर निर्माण गरिएको छ ।

## सम्पादकीय .........

www.bhanjyangnews.com

# पर्यटन र सामाजिकसञ्जाल

प्रविधिको बढ्दो प्रयोग छ । कुनै पनि प्रविधि वा वस्तुको प्रयोगले फाइदा र वेफाइदा दुबै निम्त्याउँछ । ती प्रविधि वा वस्तुको प्रयोगलाई आवश्यकतानुसार गर्न सकियो भने त्यसबाट क्षति भन्दा लाभ बढि लिन सकिन्छ । यसको पछिल्लो उदहारण हुन सामाजिक सञ्जाल । सामाजिक सञ्जालको माध्यमबाट विशेषता अहिले पर्यटकीय स्थलहरूको प्रवर्द्धनमा महत्वपूर्ण भूमिका खेलेका छन् । अधिकांश पर्यटकीय क्षेत्रको चर्चा हुनुमा अहिले सामाजिक सञ्जालको प्रमुख भूमिका रहेको देखिन्छ । टिकटक, फेसबुक, स्टाग्राम लगायतका एप्सको माध्यमबाट पर्यटकीय क्षेत्रको प्रचारप्रसारमा ठूलै सहयोग भइरहेको छ । सामाजिक सञ्जालका कारण केही नकारात्मक असर परेपनि यसका धेरै सकारात्मक कामसमेत हुँदै गरेको पनि पाउँछौं । पछिल्लो समय नेपालमा फेसबुकपछि टिकटक एप्सप्रति मानिसको रूची बढ्दै गएपछि यसले सकरात्मक फाइदासमेत दिँदै गएको छ । धार्मिक, साँस्कृतिक, प्राकृतिक क्षेत्रलाई सामाजिक सञ्जाल प्रयोगकर्ताले प्रवर्द्धनमा महत्वपूर्ण भूमिका खेलेको देखिन्छ । मनोरञ्जनका लागि तथा सूचना समाचार समेतका लागि फेसबुक र टिकटक प्रमुख स्रोत बन्दै गइरहेको समयमा धेरै पर्यटकीय क्षेत्रको प्रवर्द्धनका लागि सामाजिक सञ्जाल प्रमुख रहेको पाइएको छ । सामाजिक सञ्जालमा पोष्ट गरेपछि तत्कालै विश्वका मानिसले उक्त भिडियो तथा तस्विर हर्ने गर्दछन् । यो कहाँ छ, भनेर जिज्ञासा राखेको पाइन्छ । सामाजिक सञ्जाल प्रयोगकर्ताले आफ्नो भिडियो भाइरल बनाउनकै लागि टिकटकमा भिडियो बनाएर फेसबुकमा समेत राख्ने गरेका छन् । जसकाकारण पर्यटक त्यस ठाउँमा पुग्ने गरेका पनि छन् । कोरोना कहरले सुस्ताएका अधिकांश पर्यटकीय क्षेत्रमा अहिले सामाजिक सञ्जालका कारण चर्चामा छन् । फेसबुकमा फोटो धेरै राख्दै आइएपनि टिकटकमा भिडियो राख्ने हुनाले टिकटक प्रभावकारी बन्दै गएको देखिन्छ ।

फेसबुक र टिकटकमा अभिनय मात्रै हैन, विभिन्न मनोरम प्राकृतिक दृश्य तथा पर्यटकीयस्थल, झरना खुबै रूचाउन थालेपछि टिकटक र फेसबुकमा नै हेरेर पर्यटकीय स्थलमा पुग्ने आन्तरिक पर्यटकको संख्यामा समेत वृद्धि भएको छ । यससँगै टिकटक र फेसबुकको माध्यमबाट सुस्ताएका पर्यटकीय क्षेत्र, ग्रामीण बस्ती तथा प्राकृतिक सौन्दर्यले भरिपूर्ण क्षेत्रको प्रचारप्रसारसँगै पर्यटकको आगमन वृद्धि गर्न पनि फाइदा पुगेको छ । यस्तै सामाजिक सञ्जालको सहिरूपमा प्रयोग गर्दा यसबाट प्रतिभा प्रदर्शन गर्न, कलाकारिता, राजनीतिदेखि व्यक्तिगत समस्याका विषयमा सामाजिक सञ्जालमा राख्नासाथ भाइरल हुने गरेको छ । टिकटकमा भिडियोसमेत राख्नकै लागि पर्यटकीयस्थल भ्रमण गर्नेको संख्यामा समेत बढेको देखिन्छ । पछिल्लो समय तनहुँ लगायत गण्डकी प्रदेशका अधिकांश पर्यटकीय स्थलहरूको भिडियो तथा तस्विरहरू सामाजिक सञ्जालमा भाइरल भएको पाइन्छ । सामाजिक सञ्जालमा अपलोड गरेका प्रकृति तथा पर्यटकीयस्थलको चर्चासमेत देश विदेशमा हुने गरेको छ । अभिनयमात्रै नभई प्राकृतिक सौन्दर्यलाई भिडियोमा कैद गरी बनाएका टिकटकले पनि विभिन्न पर्यटकीय क्षेत्रको प्रचार प्रसारमा सघाएको देखिन्छ । गण्डकी प्रदेशका जिल्लामा तनहुँको मानहुँकोट, तनहुँसुर, ट्रीहाउँस, रकगार्डेन, छिम्केश्वरी लगायतका धार्मिक तथा प्राकृतिक क्षेत्रका भिडियो तथा तस्विरहरू अहिले सामाजिक सञ्जालमा पोष्ट भएको देखिन्छ । टिकटक, फेसबुक लगायतका सामाजिक सञ्जालमा भिडियो तथा फोटो हेरेकै भरमा ती स्थलहरूमा घुम्न पुग्ने पर्यटकको संख्या समेत वृद्धि हुँदै गएको छ । पहिला पर्यटक किताब पढेर तथा रेडियो सेनेको भरमा आउँथे, अहिले समय परिवर्तन भयो, भिडियो हेरेपछि मन परेका हुनाले पर्यटक पर्यटकीय स्थलसम्म पुग्ने गरेका छन् । सामाजिक सञ्जालमा भाइरल हुने मोहले युवायुवतीलाई पर्यटकीयस्थलले आकर्षित गर्ने गरेको छ । कोरोना भाइरस संक्रमणका कारण पर्यटकबिहीन बनेका क्षेत्र अहिले क्रमशः पर्यटकले भरिभराउ हुन थालेका छन् । त्यसैले सामाजिक सञ्जाललाई हाम्रो संस्कार, संस्कृति, पर्यटकीय सम्भाव्यता बोकेका स्थलहरूको सकरात्मक रूपमा प्रचार प्रसार तथा प्रवर्द्धन गरी चर्चा बटुल्ने माध्यका रूपमा सामाजिक सञ्जाललाई प्रयोग गरौं ।

# राष्ट्रपति निर्वाचनको 'ढोक्सा' र सम्भावित परिणाम

२६५ सदस्यीय प्रतिनिधिसभामा जम्मा ३२ (१२.०७ प्रतिशत) सीट क्षमता बोकेको नेकपा माओवादी केन्द्रले सरकारको नेतृत्व गरिरहेको छ । असम्भव जस्तो देखिने यो परिस्थिति निर्माण गर्न पूर्वप्रधानमन्त्री तथा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले २०७९ पुस १० गतेको इन्जुरी समयमा निर्णायक गोल गरेपछि संविधानको धारा ७६(२) अनुसार संसदको तेस्रो ठूलो दल नेकपा माओवादी केन्द्र संसदीय दलका नेता पुष्पकमल दाहाल 'प्रचण्ड' प्रधानमन्त्री बन्ने वातावरण सम्भव भयो । वामपन्थी सरकार बनाउने ओलीको यो पहलकदमी नभएको भए २ घण्टापछि राष्ट्रपतिबाट संविधानको धारा ७६(३) अनुसार संसदको सबैभन्दा ठूलो दल नेपाली कांग्रेस संसदीय दलका नेता शेरबहादुर देउवालाई प्रधानमन्त्री नियुक्त गर्नुहुन्थ्यो ।

प्रतिनिधिसभामा ७९ सीट भएको नेकपा एमालेले आफूभन्दा झण्डै एकतिहाइ क्षमता भएको नेकपा माओवादी केन्द्रलाई प्रधानमन्त्रीका लागि समर्थन गरेकोमात्र हैन, वातावरण बनाउने काममै अग्रसरता लिइरहँदा उम्मेदवार 'राष्ट्रिय सहमतिको नभएको' भन्दै त्यसको विपक्षमा उभिने आधार तय गरिरहेको कुरा अनुमान गर्न सकिन्छ । एमालेले उभ्याएका सभामुख, विभिन्न प्रदेशका मुख्यमन्त्रीलगायत सम्पूर्ण उम्मेदवारहरूमा हार्ने निश्चित भइकन पनि आफ्नो उम्मेदवार खडा गरेको नेपाली कांग्रेसले राष्ट्रपति निर्वाचनमा आफ्नो उम्मेदवार नउठाउने प्रश्न नै हुँदैन । त्यसमाथि पनि माओवादी केन्द्रसँग यसबारे निरन्तर संवाद गरिरहेको छँदैछ ।

तेस्रो त्यसमाति थोरै सीट भए पनि कांग्रेस र एमालेबाट छुट्टाछुट्टै उम्मेदवार आउँदा राष्ट्रपति निर्वाचनका लागि 'निर्णायक मतभार' भएको कारण माओवादी केन्द्रको भूमिका महत्वपूर्ण छ। त्यसैले प्रधानमन्त्रीका लागि छलफलसमेत गर्न अनिच्छुक नेपाली कांग्रेस माओवादीलाई जसरी पनि फकाउने रणनीतिका साथ विभिन्न पहलकदमी लिइरहेको छ । विभिन्न स्रोत र केन्द्रमार्फत दबाब बढाइरहेको छ। संसद तथा सडकमा विभिन्न तर्क (रोइलो) गरिरहेको छ । अब अनुमान गरौं, निर्णायक माओवादी केन्द्रले राष्ट्रपतिका लागि एमाले या कांग्रेस, कता




राष्ट्रपतिमा आफ्नो उम्मेदवारलाई सघाउनुपर्ने प्रस्तावमा नेकपा माओवादी केन्द्रले समर्थन गरेको कुरा त्यसवेला नै बाहिर आएको थियो । तर, संविधानबमोजिम प्रधानमन्त्रीले प्रतिनिधिसभामा बहुमतसिद्ध गर्नुपर्ने वेलामा नेपाली कांग्रेसले अस्वाभाविक ढंगले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई समर्थनमा मत दिएपछि एमाले अध्यक्ष ओलीले कांग्रेसले राष्ट्रपतिका लागि 'ढोक्सा थापेको' चर्चित अभिव्यक्ति दिनुभएको थियो, जुन कालान्तरमा सत्य सावित हुन खोजिरहेको छ ।

माओवादी अथवा प्रचण्डलाई कुनै हालतमा प्रधानमन्त्री स्वीकार्न तयार नभएको नेपाली कांग्रेस अहिले भने उसकै सहयोगमा राष्ट्रपति बन्न 'ढोक्सा' थाप्दैछ । त्यो 'ढोक्सा'मा प्रवेश गर्न नेपाली कांग्रेसले माओवादी केन्द्र तथा प्रचण्डलाई कलात्मक ढंगले फकाइरहेको विवरण समाचार माध्यमबाट आइरहेको छ । नेपाली कांग्रेसबाहेक अरू शक्ति केन्द्रहरू पनि यसमा क्रियाशील रहेको कुरा 'ओपन सेक्रेट' जस्तै छ । माओवादी केन्द्र तथा त्यसका अध्यक्ष प्रचण्डबाट 'राष्ट्रपतिका लागि राष्ट्रिय सहमतिको व्यक्ति आवश्यक' भनेर निरन्तर रूपमा धारणा सार्वजनिक गर्नेमात्र हैन, आफ्नो पार्टीको शक्तिशाली सचिवालय बैठकबाट समेत निर्णय गराएका छन् । यसको घुमाउरो अर्थ एमालेले प्रस्ताव गर्ने भोट दिँदा नेपाली राजनीतिले कस्तो परिदृश्यको सामना गर्नुपर्नेछ ?

एकातर्फ माओवादी केन्द्रले एमालेको राष्ट्रपति उम्मेदवारलाई सघाउँदा एमाले-माओवादीको सम्बन्ध थप प्रगाढ भई यो सरकारले थप शक्तिशाली अनुभूति गर्न पाउँछ। देशले राजनीतिक स्थिरता महसुस गरेसँगै विकास निर्माण तथा जनहितका कामहरूमा ऊर्जा र तीव्रता आउनेछ । यसले कम्तिमा २ वर्ष माओवादी अध्यक्ष प्रचण्डले देश निर्माणका लागि आफूले देखेका सपना साकार बनाउने 'अन्तिम अवसर' प्राप्त गर्नेछन् । कार्यनीति र संगठनात्मक पद्धति फरक भए पनि समान समाजवादी उद्देश्य र अवधारणा बोकेका ठूला दुई दलको समर्थनमा प्रचण्डले राजनीतिक जीवनको उत्तरार्द्धमा आफ्नो बिग्रेको छवि सफा गर्ने 'महत्वपूर्ण अवसर' पाउनेछन् ।

अर्कोतर्फ यदि माओवादी केन्द्रले कांग्रेसको उम्मेदवारलाई सघायो भने कांग्रेसले राष्ट्रपति पाउनेछ । त्यो अवस्थामा प्रचण्डलाई प्रधानमन्त्रीमा सघाएको अतुलनीय गुणको बदलामा प्रतिशोध लिने माओवादी केन्द्र नेतृत्व सरकारलाई गरेको समर्थन एमालेले तत्काल फिर्ता लिनेछ । संविधानमा '२ वर्षसम्म अविश्वासको प्रस्ताव पेश गर्न नपाउने' व्यवस्था भए पनि सरकार घटक दलले समर्थन फिर्ता गर्नेबित्तिकै प्रधानमन्त्रीले जुनसुकै बेलामा संसदमा विश्वास प्राप्त गर्न बहुमतसिद्ध गर्नुपर्छ। त्यसवेला संसदमा बहुमतका लागि निर्वाचन हुँदा एमालेले त प्रधानमन्त्री प्रचण्डलाई मत दिने कुरै भएन, कांग्रेसले पनि दिनेवाला छैन । किनकि यो सरकार ढल्नेबित्तिकै संविधानको धारा ७६(३) अनुसार राष्ट्रपतिले प्रतिनिधिसभाको सबैभन्दा ठूलो दल नेपाली कांग्रेस संसदीय दलका नेता शेरबहादुर देउवालाई उतिखेरै प्रधानमन्त्री नियुक्त गर्नुहुनेछ। र, अन्ततोगत्वा देशमा राष्ट्रपति र प्रधानमन्त्री दुबै नेपाली कांग्रेसको तर्फबाट बन्नेछन् ।

देउवा सरकार बनेपछि पनि संविधानको धारा ७६(४) अनुसार १ महिनाभित्र संसदमा विश्वासको मत प्राप्त गर्नुपर्ने हुन्छ । त्यसवेला पनि एमालेले देउवाको समर्थनमा मत हाल्ने कल्पनै भएन । अब निर्णायक तहमा पुनः माओवादी केन्द्र पुग्नेछ । माओवादी केन्द्रले देउवाको पक्षमा भोट हालेर पिछलग्गू बन्ने बाटो त जीवितै रहन्छ । तर, भर्खरै आफ्नो सरकार ढालेको देउवाको विपक्षमा भोट हालेमा देउवालाई बहुमत पुग्दैन र राष्ट्रपतिले धारा ७६(५) अनुसार २ वा सोभन्दा बढी दलको समर्थनमा बहुमतसिद्ध गरी प्रधानमन्त्री बनाउन दलहरूलाई आह्वान गर्नुहुनेछ । त्यसवेला पनि एमालेले कांग्रेस र कांग्रेसले एमालेलाई समर्थन गर्ने सम्भवाना नै रहेन । एमालेले भर्खर धोका दिएको माओवादीलाई समर्थन गर्ने कुरै भएन । त्यस्तो अवस्थामा माओवादीले कि कांग्रेसको पुच्छर भएर सरकार बनाउन सहयोग गर्नुपर्नेछ कि एमालेलाई निःसर्त सघाउने नीति लिनुपर्नेछ।

किनकि धारा ७६(५) र (६) अनुसार कुनै दलको नेताको नाममा बहुमत सिद्ध हुन नसक्दा देश धारा ७६(७) मा स्वतः पुग्छ। जुन कांग्रेस र एमाले दुबैको रोजाइको विषय देखिन्छ । धारा ७६ (७) को प्रयोग भनेको सो समयको देउवा सरकारको प्रस्तावमा राष्ट्रपतिले यो 'अस्थिर चरित्र'को संसद विघटन गरी नयाँ निर्वाचनको आह्वान गर्ने हो । र, अन्ततोगत्वा देश ६ महिनाभित्र नयाँ निर्वाचनमा जानेछ । त्यो वेलामा कांग्रेस र एमाले दुबैलाई भर्खरै ताजा धोका दिएको माओवादीसँग गठबन्धन नगरी एक्लाएक्लै स्वस्थ प्रतिस्पर्धामा जाने अवसर सिर्जना हुनेछ । त्यस्तो अवस्थामा प्रत्यक्षमा २ या ३ सीटमा माओवादी केन्द्र सीमित हुनेछ र, देश विस्तारै कांग्रेस र एमालेको दुई दलीय प्रतिस्पर्धामा गई बलियो सरकार तथा बलियो विपक्षी दलको प्रतिस्पर्धाको चरणमा प्रवेश गर्नेछ । त्यो भनेको देश विकासको महत्वपूर्ण चरण पनि हो ।

तसर्थ, राष्ट्रपति निर्वाचनपछि देश ढिलो-चाँडो राजनीतिक स्थिरताको बाटोमा लम्कनेछ। फरक यति पर्नेवाला छ कि त्यो स्थिर राजनीतिभित्र यही संसदअन्तर्गत माओवादी केन्द्र शक्तिशाली प्रधानमन्त्रीको भूमिकामा रहन्छ कि नयाँ निर्वाचनमा थ्रेसहोल्डका लागि संघर्ष गर्छ । नेपालप्रेसबाट

(लेखक नेपाल बुद्धिजीवी परिषद्का सचिव हुन् ।)

बन्दिपुर एफ.एम. प्रा.लि.द्वारा सञ्चालित
रेडियो बन्दिपुर ८८.८ मेगाहर्ज
मेरो पहिलो रोजाई Radio Bandipur 88.8MHz
बन्दिपुर-१, डुम्रेबजार, तनहुँ (प्रहरी चौकी नजिकै)
सम्पर्क : ०६५-५८०३२०, ५८०३६२, ९८५६०४२०८८, ९८५६०६०५००

इ.नं. १४३/०७३/७४ ला.नं. ६२/०७४/७५ जि.प्र.का.द.नं. २९२१/०७३/७४ पान नं. ६०५६१८१२७
छिम्केश्वरी सामुदायिक विकास तथा सञ्चार केन्द्र तनहुँ द्वारा सञ्चालित
फोन नं. ०६५-५८०४००
रेडियो छिम्केश्वरी
१०६.२ मेगाहर्ज
स्टुडियो: बन्दिपुर-१, चिसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: भानु-१, नयाँबस्ती, तनहुँ
Gmail: radiochhimkeshwori@gmail.com
Web: www.radiochhimkeshwori.com.np

ला.नं. ६९/०७५/७६ इ.नं. १०१३/०७४/७५ पान नं. ६०६८७३११०
छिम्केश्वरी मिडिया हाउसद्वारा सञ्चालित
POWER FM 95.6 Get Set Power!
Power fm
95.6 MHz
स्टुडियो: बन्दिपुर-१, चिसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: बन्दिपुर-४, शिलथोक, तनहुँ
फोन नं. ०६५-५८०५००
Gmail: powerfm95.6@gmail.com
Web: www.powerfm.com.np

## तनहुँ जिल्लाका महत्वपूर्ण टेलिफोन

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय - ५६०१३३ | एम्वुलेन्स व्यास न. हस्पिटल : ९८४६१३१०२६ |
| जिल्ला समन्वय समिति - ५६०१७४ | थर्पु हे.पो. एम्बुलेन्स - ९८४६४०२९९४ |
| जिल्ला प्रहरी कार्यालय -५६०१९९/१०० | एम्बुलेन्स, आँवुखैरेनी - ९८४६७४६२२२, |
| व्यास नगरपालिका, दमौली - ५६०२३३ | आँवु इमरजेन्सि एम्बुलेन्स ९८४६७४६२४४ |
| नेपाल रेडक्रस सोसाइटी - ५६०१६९ | नेपाल विद्युत प्राधिकरण(मर्मत)- ५६०१७६ |
| दमौली अस्पताल, दमौली - ५६०२०३ | नेपाल विद्युत प्रा.(सव स्टेशन) - ५६०१९२ |
| रत्नहरी मे. अस्पताल,दमौली, - ५६०१०२ | एम्वुलेन्स युवा क्लव भिमाद ९८१६११८१०० |
| नेशनल एपोलो हस्पिटल - ५६१८११ | टिकट काउण्टर (माइक्रो), ५६०९०६ |
| एपोलो एम्बुलेन्स ९८४६४३५६११ | नेपाली कांग्रेस तनहुँ - ५६०३७५ |
| लक्ष्मी अस्पताल, डुम्रे - ५८०००७ | नेकपा तनहुँ - ५६०१३४ |
| जीपी कोइराला रा.स्व.प्र.उ.के. ५७०४५५ | आ.क.भा.भ.क्याम्पस, दमौली - ५६००९६ |
| व्यास नगर हस्पिटल : ५६१८१२ | भानुभक्त क्याम्पस, खैरेनीटार- ५७०२४० |

## तपाईको आज

**मेष** (चु,चे,चो,ला,लि,लु,ले,लो,अ)
मनोरञ्जनको समय छ । केही साधन जुट्नाले जीवनशैलीमा परिवर्तन आउनेछ ।

**वृष** (इ,उ,ए,ओ,वा,वी,वू,बे,बो)
शुभचिन्तकहरूले साथ दिनाले पहिलेको चुनौती समाप्त होला। भाग्यले विभिन्न अवसर थमाउनेछ।

**मिथुन** (का,की,कू,घ,ङ,छ,के,को,हा)
अभिव्यक्ति र लेखन कलामा पनि निखारता आउनेछ । प्रतिष्ठित काम गर्ने अवसर प्राप्त हुनेछ ।

**कर्कट** (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)
नयाँ काम प्रारम्भ गर्ने समय छ। चिताएको काममा सोचेजस्तै सफलता मिल्नेछ ।

**सिंह** (मा,मो,मु,मे,मो,टा,टी,टु,टे)
अध्ययनमा प्रगति हुनुका साथै बौद्धिक क्षमतामा निखारता आउनेछ विचारले प्रशंसकहरु बढ्नेछन्।

**कन्य** (टो,पा,पी,पू,ष,ण,ठ,पे,पो)
राम्रो कर्मफल प्राप्त हुनाले मन प्रसन्न रहनेछ । विभिन्न अवसरले पछ्याउनेछन् ।

**तुला** (रा,री,रू,रे,रो,ता,ती,तु,ते)
मिहिनेतको राम्रो परिणाम प्राप्त हुनेछ । दैनिक काममा पनि उल्लेख्य फाइदा हुनेछ ।

**वृश्चिक** (नो,ना,नी,नु,ने,नो,या,यी,यू)
कामना पूर्ण हुनेछ र स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ। लक्ष्यअनुसार समयमै काम बन्नेछ।

**धनु** (ये,यो,भा,भि,भु,धा,फा,ढ,भ)
विशेष योजना सार्वजनिक नगर्नुहोला। रोकिएका काममा दोहोर्याएर प्रयत्न गर्नुपर्ला ।

**मकर** (भो,जा,जी,खी,खु,खे,खो,गा,गी)
प्रतिस्पर्धामा उत्रनुपरे पनि बुद्धिको उपयोगले प्रतिष्ठा जोगाउन सफल भइनेछ ।

**कुम्भ** (गु,गा,गो,सा,सी,सू,से,सो,दा)
परिबन्धले समस्या निम्त्याउन सक्छ। चुनौतीभित्र अवसर खोज्ने समय छ ।

**मीन** (दि,दु,थ,झ,ञ,दे,दो,चा,ची)
मिहिनेत गर्दा अप्ठ्यारो परिस्थितिमा पनि केही काम बन्नेछन् । तर आयस्रोत कमजोर बन्नेछ ।

# गुन्द्रुक ब्रान्डिङ गरिदै

टीका खतिवडा/मंगलबारे

गुन्द्रुक सुन्दा हेपेर बोलिए जस्तो हुन्छ । तर त्यही गुन्द्रुकको निकै उत्कृष्ट स्वाद हुन्छ । नेपालीको भान्सामा अमिलो अत्यधिक मन पराइने गरिन्छ । झोल बनाएर र अचारमा निकै स्वादिष्ठ मानिन्छ, गुन्द्रुकलाई । नेपाल कृषि प्रदान मुलुक हो । नेपालीले तरकारी खेती गर्ने गरेका छन् । सोही तरकारीको सागबाट गुन्द्रुक बनाइन्छ । हामीले मुलाको मात्र गुन्द्रुक खाएका हुनसक्छौं। तर मुलाको सागसँगै रायोको साग, फूलकोपी, बन्दाकोपी, तोरीको सागबाट समेत स्वादिष्ट गुन्द्रक तयार गरिन्छ । सबैभन्दा बढी त मुलाको सागबाट गुन्द्रुक बनाइन्छ । साथै मुलाबाट सिन्की निर्माण बनाइन्छ । प्रायः किसानको करेसामा साग र मुला रोप्ने गरिन्छ । सोही सागबाट गुन्द्रुक बनाइन्छ । उत्पादित बजारसम्म पुऱ्याउन सके उपभोक्ताले खरिद गरेर तरकारी खान्छन् ।

इलामका ग्रामीण भेगमा उत्पादन भएको सागले बजार नपाउँदा गाईबस्तुलाई खुवाउने गरिन्छ । सोही सागलाई गुन्द्रुक बनाएर पनि सदुपयोग गर्न सकिन्छ । जनताको पहिलो सरकार भनेकै स्थानीय तह हो। सोही स्थानीय तहले किसानका क्षेत्रमा काम गर्न नसक्दा उत्पादित तरकारीसमेत खेर गइरहेका छन् । तर इलामको रोङ गाउँपालिकाले भने गुन्द्रुक 'ब्रान्डिङ' सुरु गरेको छ । किसानले उत्पादन गरेर खेरगइरहेको सागबाट गुन्द्रुक बनाइन्छ। सोही गुन्द्रुकलाई गाउँपालिकाले ब्रान्डिङ गर्न सुरु गरेको हो । उत्पादन र बजारीकरण सरकारले चासो नदिंदा किसानले उत्पादन गरेको कृषि उपज खेर गइरहेको छ । तर अब गुन्द्रुकले भाउ पाउने धेरै किसानको अपेक्षा रहेको छ ।

इलामको रोङ गाउँपालिकाले किसानको जीवनस्तर उकास्ने गरिको काम अगाडि बढाएको छ । स्थानीय उत्पादनलाई बढवा दिइने र उत्पादित वस्तु बजारसम्म पुऱ्याउनका लागि काम थालिएको गाउँपालिकाका अध्यक्ष मनिकुमार स्याङ्बोले बताउनुभयो । गाउँपालिकाले गुन्द्रुक-सिन्कीको प्रवर्द्धन सुरु गरेको छ । पालिकाका अगुवा किसानलाई प्रदेश, पालिका र स्थानीय सहकारीको साझेदारीमा कार्यक्रम सञ्चालन गरेको हो । बजारमा खपत हुने तरकारी यहीँ बिक्री हुन्छ । खपत नभएको साग र मूलालाई व्यवस्थापन गर्दै गुन्द्रुक-सिन्की निर्माण गरिने गाउँपालिकाको लक्ष्य रहेको छ ।

उत्पादित सिन्की-गुन्द्रुकलाई प्रवर्द्धन गर्ने कार्यक्रम अगाडि बढाइएको जनाइएको छ । प्रत्येक किसानले उत्पादन गरेको गुन्द्रुक र सिन्कीलाई आवश्यक लेबलिङ गर्ने गरी कार्यक्रम सुरु गरिएको गाउँपालिकाका अध्यक्ष स्याङ्बोको भनाइ छ । उत्पादित साग बजारमा बिक्री हुने र बाँकी रहेको पालिकाले किसानलाई प्रतिकेजी रु ८० अनुदान सहयोग गर्ने गाउँपालिकाको योजना रहेको छ । गाउँपालिकाले सुरुआती तीन महिना गुन्द्रुक-सिन्की लेबलिङका लागि फुड टेक्निसियनसमेत नियुक्त गरी हाल ब्रान्डिङको प्रक्रिया अन्तिम चरणमा पुऱ्याएको छ । देवान छाप साना किसान कृषि सहकारीले कार्यक्रम सञ्चालन गर्ने बताएको छ। यसका लागि गाउँपालिकाले दातृ संस्थाको साथ पाएको छ ।

रु ६७ लाख ८५ हजारको कार्यक्रमका लागि स्वीस सरकारले ३४ लाख ४५ हजार उपलब्ध गराउने छ । पालिकाले रु १७ लाख ६० हजार र सहकारीले १५ लाख ८० हजार लगानी गर्ने बताइको छ । देवान छाप साना किसान कृषि सहकारीको साना किसान कृषि प्रशोधन उद्योगमार्फत उत्पादन, ब्रान्डिङ, प्याकेजिङ एवं मार्केटिङको सबै कार्य गर्ने गाउँपालिका अध्यक्ष स्याङ्बोले बताउनुभयो ।

उहाँका अनुसार यसवर्ष कम्तीमा तीन सयदेखि एक हजार किलो उत्पादनका लागि किसानलाई प्रोत्साहन गरिनेछ । पहिलो चरणमा ६० जना किसानलाई सहभागी गराइएको छ भने आगामी वर्ष अझ यसलाई बढाएर कार्यक्रम सञ्चालन गरिनेछ । प्रदेश नं १ को कृषि मन्त्रालय, गाउँपालिका र स्थानीय सहकारीको आर्थिक सहयोग र स्वीस सरकारको प्राविधिक सहयोगमा कार्यक्रम सञ्चालन गरिएको हो । पहिला चरणको उत्पादनको ड्रायरका लागि स्थानीय सहकारी कुमार अर्यालको उद्योगलाई प्रयोग गरिने भएको छ । चालु आर्थिक वर्षमा सहकारीको जग्गामा उद्योग स्थापना गर्ने तयारी अघि बढेको अध्यक्ष स्याङ्बोको भनाइ छ ।

अहिलेसम्म ब्रान्डको नाम तय नभए पनि 'गुन्द्रुक सिन्कीको प्याकेट डिजाइन र ब्रान्ड नाम आदरणीय गुन्द्रुक र आदरणीय सिन्की राखेर सम्मानसहित बजारमा ल्याइने भएको छ । राष्ट्रिय सम्मान बोकेको वस्तुलाई प्रवर्द्धनका लागि अगाडि आदरणीय थप्ने भन्दे नेपालमा अहिलेसम्म राष्ट्रिय तरकारीको रिसर्च नहुनु दुःखद् रहेको किसानको समेत भनाइ रहेकोछ। यसको रिसर्च रोङ गाउँपालिकाबाटै सुरु हुने अध्यक्ष स्याङ्बोको भनाइ छ । पालिकाले हरेक वर्ष एक/दुईवटा उत्पादनलाई प्रवर्द्धन गर्ने लक्ष्य लिएको बताउँदै आयात प्रतिस्थापन गर्दै स्वदेशी उत्पादनलाई बढवा दिइने बताइएको छ । तरकारीमा आत्मनिर्भर बनाएर निर्यात गर्ने योजनाका साथ काम बढाइएको बताइएको छ ।

चालु वर्षको नीति कार्यक्रममा गाउँपालिकाले गुन्द्रुक प्रवर्द्धनका लागि ब्रान्डिङ र प्याकेजिङ गर्न तीन लाख, बीउका लागि दुई लाख, प्रतिकिलो अनुदानका लागि रु तीन लाख र गुन्द्रुक उत्पादनमा प्रतिस्पर्धा गरी उत्कृष्ट सहकारीलाई पुरस्कृत गर्न दुई लाख विनियोजन गरेको छ । "उत्पादनपश्चात सहकारीमार्फत सहज सञ्चालन गराउन एउटा कार्यविधि तयार हुँदै गरेको छ । विश्लेषणसहित गुन्द्रुकको 'रणनीतिक व्यापार कार्य योजना' तयार हुँदै गरेको बताइएको छ । उत्पादन अगाडिको अनुदानलाई निरुत्साहित गर्दै जनता र स्थानीय सरकारबीच साझेदारीपछि कृषि तथा पशुपालन कार्यक्रम सञ्चालन गरिनेछ। किसानको उत्पादन सहकारीले खरिद गर्ने वातावरणको विकास गर्नुका साथै अनिवार्य कृषि, पशु बीमा लागू गर्ने अध्यक्ष स्याङ्बोको भनाइ छ ।



**कसरी निर्माण गरिन्छ गुन्द्रुक?**

सागलाई अमिल्याएर बनाइएको वस्तुलाई नै गुन्द्रुक भनिन्छ । गुन्द्रुक राष्ट्रिय तरकारीसमेत हो । राष्ट्रिय तरकारी भएर पनि सम्मान पाउन नसकेको गुन्द्रुकलाई नेपालभित्र मात्र नभएर विश्व बजारमा पुऱ्याउन कार्यक्रम थालिएको हो । गाउँघरमा प्राय किसानले गुन्द्रुक बनाएको भए पनि पनि सहर बजारमा गुन्द्रुक कसरी बनाइन्छ भन्ने कमैलाई मात्र जानकारी हुने गरेको छ । हरेक किसानले साग रोप्ने गर्छन् । त्यही सागलाई गुन्द्रुक बनाए वर्षैसम्म प्रयोग गर्न सकिन्छ । गुन्द्रुक रायोको साग, तोरीको साग, मुलाको साग आदिबाट बनाइन्छ र यसलाई तरकारीको रुपमा प्रयोग गर्ने गरिन्छ ।

छिप्पिएको रायो, तोरी, मुलाको पात टिपेर घाममा केही दिन ओइलाइन्छ । त्यसलाई ढिकीमा अथवा कुनै प्रविधिबाट कुच्याइन्छ र गहिरो खाडलवा प्लाष्टिकको भाँडोमा खाँध्ने गरिन्छ । खाडलमा लगाइएको भने खाल्डोमाथि पुरेपछि आगो बालेर तताइन्छ । प्लाष्टिकको भाँडोमा लगाइएको भए तातो ठाउँमा राखिन्छ। यसरी लगाइएको २२ देखि दुई महिनामा यसलाई बाहिर किलिने गरिएको छ । खाल्डोमा लगाइएको भए माटो नलागोस् भनेर वरिपरी बाँसका ढ्वाङ, पराल, प्लास्टिक कोदोको नल आदि लगाएर बिचमा खँदेर छोपिन्छ । सागअनुसार अट्ने खाल्डो खनिएपछि त्यसलाई समेत केही दिनभित्र आगो बालेर तातो पारिन्छ । लगाइएको प्राय २२ देखि एक महिनामा यसको स्वाद अमिलो हुन्छ । निकालेर आवश्यक्ता अनुसार काटेर घाममा सुकाइन्छ। यसरी तयार पारिएको वस्तुलाई हावा नपस्ने गरी बिर्को लाएर कुनै बट्टामा राख्दा वर्षौंसम्म खान सकिन्छ। यसलाई तरकारी वा अचार बनाएर पनि खाने गरिन्छ। सिन्की र गुन्द्रुक बनाउने तरिका एउटै हो । मुलाबाट सिन्की निर्माण हुन्छ भने सागबाट गुन्द्रुक तयार हुन्छ ।

यस्तो वस्तु हाल थकाली भान्सादेखि चारतारे होटलमा समेत पछिल्लो समय अत्याधिक चल्न गरेको छ । नेपालमा हाल पनि बढिजसो मानिस कृषिमा लागेका छन् । हरेक निर्वाचन अघि उम्मेद्वार र पार्टीले घोषणापत्रमा नै कृषिलाई प्राथमिकतामा राख्ने बताउँदै आएको छ । तर उल्लेख्या काम गर्न नसक्दा किसानले उत्पादन गरेको वस्तु बजारसम्म पुग्न नै पाउँदैन । बजार पुगे पनि उचित मूल्य पाउन नै सकेको छैन । किसानका उत्पादन बजारीकरण गर्ने वाचा गरेका नेताले जितेर माथि पुग्छन् तर भोट दिने जनता जहीकोतहीँ भइरहेका छन् । चुनाव अघि तिनै जनतासँग निउरिने नेता चुनाव जितेपछि किसानप्रति कुनै योजना बनउँदैनन् । त्यसैले पनि किसानका उत्पादन सदुपयोग हुनसक्दैनन् । उत्पादित वस्तु बजारीकरण हुन नसक्दा किसानको जीवनस्तर उक्सिन सकेको छैन । तर इलामको रोङगाउँपालिकाले प्रयास थालेको छ । यो प्रयासले निरन्तरता पाउन सके किसानको जनजीविकाका क्षेत्रमा निकै महत्वपूर्ण मानिनेछ । रासस

# विश्वको समुन्द्री ताप उच्च विन्दुमा : अध्ययन

रासस/सिन्ह्वा/बेइजिङ

सन् २०२२ मानव इतिहासकै सबैभन्दा तातो वर्ष भएको छ । यसले विश्वका समुन्द्रको तापमानमा नयाँ रेकर्ड कायम गरेको एक अध्ययनले देखाएको छ । अन्तर्राष्ट्रिय जर्नल एडभान्सेज इन एटमोस्फेरिक साइन्समा प्रकाशित भएको चीन, संयुक्त राज्य अमेरिका र इटालीका १६ वटा इन्स्टिच्युटका २४ जना वैज्ञानिकको टोलीले गरेको अध्ययनले सामुद्रिक तापमानमा उच्च वृद्धि भएको देखाएको हो ।

"सन् २०२१ को तुलनामा पृथ्वीको महासागरको माथिल्लो दुई हजार मिटरको माथिल्लो भागले ठूलो मात्रामा ताप सोसेको छ । यो तापक्रमले १.५ लिटर पानी भएका ७० करोड केटल उमाल्न पर्याप्त हुन्छ," अध्ययनका लेखक तथा चाइनिज एकेडेमी अफ साइन्सेज अन्तर्गतको इन्स्टिच्युट अफ एटमोस्फेरिक फिजिक्सका अनुसन्धाता चेङ लिजिङले भन्नुभयो। विश्वव्यापी तापको ९० प्रतिशतभन्दा बढी महासागरमा समाप्त हुने भएकाले जलवायु परिवर्तनको मापनका लागि महासागरीय तापक्रम वृद्धि एक प्रमुख सूचक हो । समुन्द्रभित्र गर्मी बढ्नु नै ग्लेबल वार्मिङको थप प्रमाण भएको वैज्ञानिकको विश्वास छ ।

सन् २०१७ देखि हरेक वर्ष समुन्द्री तापक्रम वृद्धिको रेकर्ड तोडिएको छ । विश्वव्यापी तापक्रम वृद्धिका लागि महासागरको ढिलो प्रतिक्रियाका कारण समुन्द्रको तापक्रमको प्रवृत्ति दशकौँसम्म कायम रहने चेङले उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, "तापमानको अलावा, अध्ययनले समुन्द्रको पानीको लवणताको पनि गणना गरेको थियो । अध्ययनले उच्च नूनिलोपन भएका क्षेत्रमा लवणतामा थप वृद्धि भएको देखाएको छ । यद्यपि कम नूनिलो भएको क्षेत्रमा नतिजा ठीक विपरीत छ । 'लवणमा थप नूनिलोपन थपिन्छ भने ताजा पानी भएको क्षेत्र थप ताजा हुन्छ' भन्ने प्रवृत्ति पनि सन् २०२२ मा रेकर्डकै उच्चस्तरमा पुगेको छ" अध्ययनले देखाएको छ।

अध्ययन अनुसार महासागरमा हुने तापक्रम वृद्धिले समुन्द्रको सतह बढाउँछ र शक्तिशाली आँधी र तुफानको रुपमा अधिक उग्र मौसमलाई निम्त्याउँछ । तिनीहरु कार्बन अवशोषित गर्न पनि कम कुशल हुन्छन्, जसले गर्दा अधिक मानव-उत्सर्जित कार्बन डाइअक्साइड वायुमण्डलमा रहन्छ र यसले विश्वव्यापी तापक्रमलाई बढाउँछ ।

"समुन्द्रको ताप र लवणतामा हुने परिवर्तनको बारेमा राम्रो जागरुकता र ज्ञान जलवायु परिवर्तनसँग जुध्ने कार्यको लागि एक आधार हो", चेङले अध्ययनको महत्वको व्याख्या गर्दै थप्नुभयो । वैज्ञानिकले चिनियाँ संस्थान र अमेरिकी राष्ट्रिय महासागरीय तथा वायुमण्डलीय प्रशासनले गत वर्ष रेकर्ड गरेको समुन्द्री तथ्याङ्क पनि अध्ययनमा सार्वजनिक गरेका छन्।

**विशेषज्ञ चिकित्सकहरुद्वारा स्वास्थ्य परीक्षण सम्बन्धी सूचना**

**फागुन ५ गते शुक्रबार**

१) काठमाडौं गंगालाल हस्पिटलका वरिष्ठ मुटुरोग विशेषज्ञ **डा. मुरारी ढुंगाना**द्वारा स्वास्थ्य परिक्षण गरिन्छ । मुटुका धेरै रोगहरु हुन्छन् र प्रत्येक रोगका आफ्नै प्रकारका लक्षणहरु पनि हुन्छन् । मुटुरोगका अनगिन्ती लक्षणहरुमध्ये सबैले थाहा पाइराख्नुपर्ने जम्मा १२ वटा प्रमुख लक्षणहरु छन् । समयमै यी लक्षणहरु थाहापाई उपचार गर्न सकेको खण्डमा ठूलो दुर्घटनाबाट बच्न सकिन्छ ।

१) छातीको बिच भागमा दुख्ने, २) दम बढ्ने ३) खुट्टाहरु सुनिने, ४) घाटीको रक्त नली फुल्ने, ५) ओठ, जिब्रो, औंलाका टुप्पा निलो हुने, ६) औलाका टुप्पाहरु बाक्ला र चाक्ला हुने, ७) टाउको दुख्ने चक्कर लाग्ने, ८) मुटुको धड्कन रोकिने वा छिटो चल्ने, ९) कफमा रगत देखा पर्ने, १०) जोर्नीहरु दुख्ने, सुनिन्ने र ज्वारो आउने, ११) हात, खुट्टा, ओठ आदीमा फड्का दिदै अनियन्त्रित रुपमा चल्ने, १२) छातीमा हात राख्दा बिरालो कनेको जस्तो थर्केको महसुस हुने ।

२) काठमाडौं वीर अस्पतालका वरिष्ठ न्युरो सर्जन तथा नशा रोग विशेषज्ञ **डा. ध्रुबराज अधिकारी**द्वारा स्वास्थ्य परिक्षण गरिन्छ ।

**फागुन १३ गते शनिबार**

१) पोखरा गण्डकी मेडिकल कलेज र मधुमेह तथा थाइरोइड उपचार केन्द्रका वरिष्ठ फिजिसियन, मधुमेह (सुगर), थाइरोइड तथा इन्डोक्राइनोलोजिष्ट **डा. तिर्थलाल उपाध्याय** आउँदै हुनु हुन्छ । रोगसँग सम्बन्धित बिरामीहरुले सम्पर्क राखी सेवा लिनुहोस् ।

२) पोखरा मणिपाल तथा मेडीग्लस हस्पिटलका वरिष्ठ स्तन, स्त्री तथा प्रसुती रोग विशेषज्ञ **डा. अन्जली सुवेदी** आउँदै हुनुहुन्छ रोगसंग संबन्धित बिरामीहरुले सम्पर्क राखी सेवा लिनुहोस ।

**रोगका लक्षणहरु** : तल्लो पेट दुख्ने, सेतो पानी बग्ने, चिलाउने, महिनावारी गडबडी हुने, स्तन दुख्ने र गाठागुठी आउने, पाठेघर तल झर्ने, पिसाब पोल्ने र गर्भवती महिलाको समय समयको जचाँउने साथै थाइरोइडको भएर गर्भवती भएका महिलाले पनि जाच गराउनु पर्ने भएकोले सम्पर्क राख्नुहोस् । साथै पाठेघरको पानीको जाच (Pap Smear) पनि गरिन्छ

३) पोखरा गण्डकी अस्पतालका वरिष्ठ रेडियोलोजिष्ट **डा. रोशन पंगेनी**द्वारा भिडियो एक्सरे सेवा ।

**हाम्रा उपलब्ध सेवाहरु :**

१) डा. सुशील वि.क.द्वारा दैनिक बिरामी जाँच २) प्याथोलोजी ल्याब सेवा ३) डिजीटल मेशिनद्वारा एक्स-रे सेवा, ४) भिडीयो एक्सरे सेवा वा मुटुको भिडीयो एक्सरे (ECO) ५) नेबुलाइजर (वाफ) सेवा ६) मुटुको इसिजि सेवा ७) ड्रेसिङ र सुचरिङ सेवा ८) हात खुट्टा भाँचिएमा प्लाष्टर सेवा ९) अब्जरभेसन सेवा १०) गुणस्तरीय फार्मेसी सेवा

**नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।**

**मिर्लुङ्ग पोलिक्लिनिक प्रा.लि.**

व्यास-२, दमौली तनहुँ । फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२

# विस्तार हुँदै चैते धानखेती

रासस/चितवन

जिल्लामा चैते धान लगाउने क्षेत्रफल विस्तार भएको छ । कृषि ज्ञानकेन्द्र भरतपुरका अनुसार गत आर्थिक वर्षको तुनामा यस वर्ष चैते धान लगाउने क्षेत्रफल विस्तार हो । कार्यालयका अनुसार गत आर्थिक वर्षमा सात हजार पाँच सय ७३ हेक्टर क्षेत्रफलमा चैते धानखेती गरिएकोमा यसवर्ष सात हजार आठ सय हेक्टर पुगेको हो । कार्यालयका सूचना अधिकारी मीनबहादुर पुनका अनुसार जिल्लाको भरतपुर महानगरपालिकाका केही क्षेत्र, खैरहनी र माडी नगरपालिकामा चैते धान खेती हुँदै आएको छ । भरतपुर महानगरपालिका र खैरहनी नगरपालिकामा ६ हजार चार सय हेक्टर क्षेत्रफल र माडी नगरपालिकामा एक हजार चार सय हेक्टर क्षेत्रफलमा धानखेती हुँदै आएको छ । जिल्लामा हर्दिनाथ हाइब्रिड १ र चैते ५ उन्नत जातको धान खेती गरिँदै आएको छ । हर्दिनाथ हाइब्रिड जिल्लाको २५ प्रतिशत क्षेत्रमा लगाइने गरेको उहाँले बताउनुभयो । चैते धानमा सरकारको सहयोग हुनु र पर्याप्त सिँचाइका कारण क्षेत्रफल बढेको उहाँले जानकारी दिनुभयो ।

ज्ञान केन्द्रले चैते धान प्रवर्द्धन कार्यक्रमअन्तर्गत दुई सय ५० हेक्टर क्षेत्रफलमा खेती गरिएको छ । उहाँले भन्नुभयो, "चैते धान प्रवर्द्धनका लागि राज्यको सहयोग हुनुले यसको क्षेत्रफल बढेको हो।"

**शिक्षक आवश्यकता**

*विद्यालयमा सूचना प्रकाशित मिति : २०७९/११/०३*

भानु नगरपालिकाको कार्यालय तनहुँको च.नं. १९५ मिति २०७९/११/०२ को अनुमति प्राप्त पत्रानुसार यस विद्यालयमा निम्न माध्यमिक तह तृतीय श्रेणीको शिक्षण सहयोग अनुदान कार्याक्रम अन्तरगत एक जना **विज्ञान** विषय शिक्षक करारमा नियुक्त गर्नुपर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले ७(सात) दिन भित्र तपसिलमा उल्लेखित कागजात सहित रितपूर्वकको दरखास्त आव्हान गरिन्छ । रित नपुगेको दरखास्त उपर कुनै कारवाही हुने छैन ।

**तपसिल**

१) **पद** : निम्न माध्यमिक तह तृतीय श्रेणी (अनुदान करार)
२) **विषय** : विज्ञान ३) **आवश्यक संख्या** : १ (एक) जना
४) **शैक्षिक योग्यता** : सम्बन्धित विषयमा प्रमाणपत्र तह वा सोसरह उत्तीर्ण
५) **दरखास्त शुल्क** : ७००/- (सात सय रुपैयाँ)
६) **तलब** : अनुदान कार्यविधिमा उल्लेख भए अनुसार ।
७) **उमेर** : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको
८) **आवश्यक कागजात** : नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, शिक्षण अनुमती पत्रको प्रतिलिपि ।
९) **परीक्षाको किसिम** : लिखित, अन्तरवार्ता र कक्षा अवलोकन ।
१०) **दरखास्त दिने अन्तिम मिति** : २०७९/११/०९ गतेसम्म ।
११) **सम्पर्क मिति** : २०७९/११/०९ गते ४ बजे ।
१२) **परीक्षा मिति** : सम्पर्क मितिमा तोकिने छ ।

प्रधानाध्यापक

**श्री सरस्वती आधारभूत विद्यालय**

भानु नगरपालिका-१०, दुधेकुना, तनहुँ । सम्पर्क : ९८४६०९२०४०, ९८१६१९४७६१
Email : saraswatibasic123147@gmail.com



**सामुहिक श्रमदान :** तनहुँको बन्दिपुर गाउँपालिका–१ उपल्लोफाँटटोल बिकास समितिका सदस्यहरु सडकको नाला निर्माणका लागि सामुहिक रूपमा श्रमदान गर्दै । स्थानीय उपभोक्ताहरूले पालिकाले विनियोजन गरेको पाँच लाख रूपैयाँबाट निर्माण गरिने बाटोको नाला निर्माण, कटिङ, ग्रावेल गर्ने लगायतका कार्यमा श्रमदान गर्दै आएका छन् । कम रकम विनियोजन, धेरी कामको इष्टमेट गरिएको हुँदा काम गर्न समस्या भएको उपभोक्ता समितिका अध्यक्ष गोविन्द खत्रीले बताए ।
*तस्विर : भञ्ज्याङ*

# इतिहासमा साक्षी बन्दै पसगाउँमा ढुंगाको छानो

**जनक श्रेष्ठ**/लमजुङ

कुनै बेला लमजुङवासीको सान र सपना हुन्थ्यो ढुङ्गाले कुँदेर घरमा छानो हाल्ने । कतिले खरको छानो छाउने गरेका थिए । गाउँ–गाउँका मात्र नभइ सहर बजारका घरमा समेत ढुङ्गा तथा खरले छाना छाइन्थ्यो । पछिल्लो समयमा भने ढुङ्गा तथा खरको छानो विस्तापित गर्दै गाउँघरमै जस्ता पाता र ढलानसमेत गर्ने क्रम बढ्दै जाँदा बाँकी रहेको ढुङ्गाका घर र छानासमेत लोप हुन थालेको छ ।समुद्र सतहदेखि एक हजार छ सय ५० मिटर उचाइमा रहेको क्व्होलासोथर गाउँपालिका–६ पसगाउँवासीले भने परम्परालाई अझै संरक्षण गरेर राखेका छन् ।

यहाँको एक सय ५३ घरधुरीमध्ये एक सय ४० घरधुरीको छाना ढुङ्गाबाटै छाइएको छ । लोपहुँदै गएको ढुङ्गाका घर यसरी संरक्षण गरेर राख्दा भावी पुस्ता तथा इतिहासका लागि यो गाउँ साक्षी बन्ने भएको छ। स्थानीयवासी बलराम गुरूङ भन्नुहुन्छ, "हामीले गाउँमा सचेतना फैलाउँदै भत्किएका ढुङ्गाका छानासमेत मर्मत गरेर संरक्षण गर्दै आएका छौं।" गाउँगाउँमा सुविधायुक्त घर निर्माण हुँदै गए पनि यस गाउँवासीले भने परम्परा संरक्षणका लागि आधुनिक घर निर्माण नगर्ने भएका छन् ।



यसबाट पछिल्लो पुस्ताले समेत यस्ता मौलिक परम्परागत घर देख्दा पुर्खाको सम्पत्ति ठान्ने र उनीहरूलाई यस्ता घर संरक्षण गर्न प्रेरणा मिल्ने सोही ठाउँ निवासी चन्द्रप्रसाद गुरूङ बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, "गाउँमा आउने पाहुँना तथा पर्यटकले गाउँका घरहरूसँग सेल्फि खिच्ने, फोटो खिच्ने, टिकटक बनाउने र रमाउने गर्दछन् । गाउँमै ढुङ्गा खानी रहेको र सोही स्थानबाट आवश्यक ढुङ्गा ल्याउने गरिएको छ ।

गाउँपालिकाका अध्यक्ष सूर्यप्रसाद गुरूङ भन्नुहुन्छ, "गाउँपालिकाभर नै छिटफुट ढङ्गाका घर त छन् तर पस गाउँका अधिकांश बासिन्दाको घर ढुङ्गाबाटै निर्माण गरिएको छ । परम्परागत यस्ता घर संरक्षण गर्न गाउँपालिका अघि बढ्न थालेको उहाँको भनाइ छ । अब निर्माण हुने घरमध्ये आर्थिक अवस्था कमजोर भएकालाई ढुङ्गाको घर निर्माणका लागि गाउँपालिकाले सहयोग गर्ने तयारी रहेको गाउँपालिका अध्यक्ष गुरूङ जानकारी दिनुहुन्छ । हामीले खरको छानोमुक्त पालिका अभियान सञ्चालन गरेर खरमुक्त पालिका बनाउन लागेका छौँ, करिब करिब खरमुक्त पालिका भइसकेको छ ।

"खरका कारण आगलागी हुनेदेखि व्यक्ति तथा परिवारको सुरक्षा नहुनाका साथै खर पाउन मुस्किल हुन थालेकाले हामीले त्यस अभियानलाई अघि बढायौँ पालिका प्रमुख गुरूङ बताउनुहुन्छ । ढुङ्गाको घर तथा छानो बलियो रहेको र जस्तापाताको छानो तीन चार पटक फेर्दा पनि ढुङ्गाको छानो एक पटक पनि फेर्न नपर्ने हुन्छ । साथै जाडोमा न्यानो, गर्मीमा सित्तल हुने, आगलागी लगायत घटना कम हुने भएकाले परिवार सुरक्षित हुने उहाँको भनाइ छ। यसबाट पर्यटक आकर्षित गराउन मदत पुग्ने र समृद्ध पालिकाका लागि त्यस्ता घरहरूले टेवा पुऱ्याउने गाउँपालिका अध्यक्ष गुरूङको भनाइ छ ।

यस गाउँमा २१ घरमा घरवास (होमस्टे) सञ्चालन गरिएको छ । यहाँबाट लमजुङ हिमाल, अन्नपूर्णलगायत हिमालय पर्वत शृङ्खला देख्न सकिन्छ । गुरूङ समुदायको कृष्णचरित्र नृत्य, सारङ्गी नृत्य, झ्याउरे नाच, घाटु नाचजस्ता लोपोन्मुख नृत्यका लागि समेत पसगाउँ परिचित छ । रासस


## सामाजिक सञ्जाल प्रयोगमा सचेतता अपनाऔं

- सामाजिक सञ्जालमा अपरिचित व्यक्तिको साथी बन्ने अनुरोधलाई विश्वस्त भएर मात्र प्रतिक्रिया जनाऔं ।
- अपरिचित व्यक्तिलाई जथाभावी साथी बन्न अनुरोध नपठाऔं ।
- सामाजिक सञ्जाल तथा अन्य विद्युतीय माध्यमबाट चिट्ठा पुरस्कार जस्ता आर्थिक प्रलोभनका प्रस्तावको भ्रममा नपरौं ।
- आफुले प्रवाह गरेका सन्देश वा सूचनाबाट समाजमा पर्नसक्ने नकारात्मक प्रभावको ख्याल गरौं ।
- आफ्नो सन्देशले कुनै व्यक्ति वा अन्य कुनै समुदायको आत्मसम्मानमा चोट नपुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## facebook twitter



**जिसन**
twitter.com/Jisanmayal
अक्सर सकिएका सम्बन्धहरूमा एकअर्काले एकअर्कालाई सुन्न नसकेर र नचाहेर सकिन्छन । एकपटक सुन्नुस जीवनमा पछुतो नहोस् कास 'त्यस दिन सुनेको भए कास आज जीवन यस्तो हुदैन थियो कि' !!



**यात्री**
twitter.com/Trvms11
बजारमा आउने कुनै पनि बिषयबस्तुको बारेमा यथेष्ट ज्ञान नभएकाले अरूलाई सम्झाउन थाले भने कागको बथानमा बकुल्ला जस्तो हुन्छन र आफै हँसिमजाकको पात्र बनिसकेको भेउ नै पाउँदैनन तर बिचारा आफुलाई सो कल्ड बिद्वान भन्ठान्छन के गर्नु टुईटरमा पनि यस्ता पात्र बग्रेल्ति भेटिन्छन !



**ठकुरी मिरा**
twitter.com/thakurimira
शारीरिक 'सुन्दरता' भन्दा मानसिक सुन्दरतामा बढि जोड दिनुस् किन भने यहाँ गुलाफहरू रोजिरोजि चुडिन्छन भने तुलसीका बिरूवाहरू खोजि खोजि रोपिन्छन !!

# बन्दिपुरमा प्रथम अध्यक्ष कप

**भञ्ज्याङ समाचारदाता**/बन्दिपुर

तनहुँको बन्दिपुर गाउँपालिकामा पालिकास्तरीय प्रथम अध्यक्ष कप २०७९ फुटवल तथा भलिवल प्रतियोगिता गरिने भएको छ । यहि फागुन १२ गतेबाट वडा नम्बर ४ भुमर्से स्थित पालिकास्तरीय खेलमैदानमा अध्यक्ष कप संचालन गर्न लागिएको हो । खेलमार्फत अनुशासन र गतिशिलता दिनको लागि प्रथम अध्यक्ष कप आयोजना गरिएको गाउँपालिका अध्यक्ष सुरेन्द्र बहादुर थापाले बताए ।

प्रतियोगितमा दुबै खेल तर्फ प्रथम हुनेलाई ३० हजार रूपैयाँ सहित ट्रफी मेडल र प्रमाणपत्र, द्वितीयलाई २० हजार रूपैयाँ सहित ट्रफी मेडल र प्रमाणपत्र र तृतीयलाई १० हजार रूपैयाँ सहित ट्रफी मेडल र प्रमाणपत्र र सान्तवना पुरस्कार ५ हजार रूपैयाँ प्रदान गरिने छ ।

प्रतियोगितामा सहभागी हुनका लागि पालिकाले सबै वडामा पत्राचार गरिसकेको छ । सम्बन्धित वडाले फागुन १० गते भित्र समूह प्रमाणित गरी गाउँपालिकाको शिक्षा शाखामा बुझाउनु पर्नेछ । हरेक वडाबाट दुबै खेलमा ३/३ वटा टिम सहभागी हुन पाउने व्यवस्था गरिएको गाउँपालिकाका प्रवक्ता एवं वडा नं. १ अध्यक्ष शिवकुमार श्रेष्ठले बताए ।

# कफीका दाना बिक्री नभएपछि प्रशोधन गरिंदै

**रासस**/पवर्त

राम्रो मूल्य पाइने भएपछि पर्वतको एक कफी उत्पादक सहकारी संस्थाले आफैँ प्रशोधन गरी बजारमा धुलो कफी बिक्री गर्न सुरू गरेका छ । जिल्लामा उत्पादित कफीले राम्रो बजार पाउन नसकेपछि सहकारी आफैँले उत्पादन गरेर बिक्री सुरू गरेपछि किसानले समेत राम्रो मूल्य पाउन थालेका हुन् । पर्वतको अर्गानिक कफी सहकारी संस्था लिमिटेडले पर्वत कफी र धौलागिरि कफी ब्रान्डमा धुलो कफी बिक्री गर्न थालेको हो । कफीका दाना बिक्री गर्दा मूल्य पाउन नसकिने र कहिलेकाहीँ विदेशीले समेत कफीको गुणस्तर नभएको भन्दै फिर्ता पठाउँदा झन्झट हुन थालेपछि स्थानीय अर्गानिक कफीको प्रशोधन गरी धुलो बनाई बजारमा बिक्री गर्न थालेको हो । पर्वत जिल्लाको कफी देशकै उत्कृष्ट भएकाले युरोप, जापान र कोरियालगायतका देशमा निर्यात हुने गरेको थियो तर कहिलेकाही गुणस्तरलगायतका बहानामा विदेशीले लिन आनाकानी गर्न थालेपछि आफैँले उत्पादन गर्न थालिएको सहकारी संस्थाका व्यवस्थापक भवानीप्रसाद शर्माले बताउनुभयो ।

"जिल्लाको उत्पादनलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा पहिचान बनाउन धुलो कफी बिक्री गर्न थालिएको हो। कृषकले आफूले उत्पादन गरेको फ्रेस चेरी जिल्ला कफी सहकारी सङ्घले खरिद गर्ने र विदेश निर्यात गर्ने गरेको भए पनि विभिन्न झन्झट बेहोर्नुपर्ने भएकाले आफैँ धुलो बनाएर बेच्न सुरू गरेका हौँ", शर्माले भन्नुभयो । धुलो बनाएर बेच्दा स्थानीय बजारका साथै विभिन्न मेला महोत्सवमा समेत जिल्लाको कफीको प्रचार हुने भएकाले यसरी बेच्न सुरू गरिएको शर्माले बताउनुभयो । उहाँका अनुसार अहिले जिल्लाको कफी पोखरा काठमाडौँका तारे होटल तथा क्याफेले खरिद गर्दै आएका छन् भने पोखरा, बागलुङ र पर्वतका सौगात गृहमा समेत राम्रो बिक्री हुने गरेको जानकारी दिनुभयो। पर्वतमा बर्सेनि २० मेट्रिक टनभन्दा बढी कफी उत्पादन हुने गरेको छ । कृषकले उत्पादन गरेको कफी फ्रेस चेरी तथा 'पार्चमेन्ट' जिल्ला कफी सहकारीले खरिद गरेर विभिन्न निर्यात गर्ने कम्पनीलाई बिक्री गर्दै आएको छ । यसबाट जिल्लामा प्रत्येक वर्ष रू एक करोडभन्दा बढी भित्रिने गरेको छ ।

यस जिल्लाका विभिन्न ठाउँमा उत्पादन हुने कफी केही वर्षअघिसम्म त्यत्तिकै खेर जाने गरेको थियो । अहिले जिल्लाका सबै स्थानीय तहका साथै बागलुङ र म्याग्दीमा उत्पादित कफी स्थानीय बजारका साथै विदेशी बजारमा समेत निर्यात हुन थालेसँगै कृषकले राम्रो मूल्यसमेत पाएका छन्। सहकारीका अनुसार गत वर्षमात्रै १७ टन कफी निर्यात भएको थियो । अहिले जिल्लाका ३५ वडामा कफी खेती हुँदै आएको छ । पछिल्लो समय जिल्लाका अधिकांश ठाउँमा नयाँ कृषकले व्यावसायिक कफी खेती सुरू गरेको भए पनि पुराना कृषकले राम्रो मूल्य पाउन नसक्दा बोटमै सुकेर जाने गरेको कृषकको भनाइ छ ।

बजारीकरणका लागि जिल्लास्थित कृषि ज्ञान केन्द्र र स्थानीय तहहरूले समन्वय नगर्दा पनि कृषक निराश बनेका हुन् । उपयुक्त भौगोलिक र हावापानीका कारण पनि पर्वतमा उत्पादित कफीले राम्रो बजार पाउनुपर्ने भए पनि स्थानीय तहमा समेत प्रचारप्रसार हुन नसक्दा बजारीकरणमा समस्या भएको शर्माको भनाइ छ ।

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का, **सल्लाहकार** : विश्वबन्धु भण्डारी ।
**कार्यालय** : ब्यास–२, दमौली, तनहुँ । **फोनः ०६५–५६३९०७**, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :– विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५–५६०१२४